नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

E-mail: motca@ntc.net.np
फ्याक्स नं.: ४२११७५८
४२११८४६
४२११६८५
४२११७८५
४२११५९६
सिंहदरबार, काठमाडौं,
नेपाल ।

पत्र संख्याः-
च.नं.

# प्रेस विज्ञप्ति

नेपालमा पर्यटनको उच्च सम्भावना रहेको, नेपालको वरिपरी विश्वको एक तिहाई बढी जनसंख्या रहेको, पर्यटन उद्योगवाट विदेशी मुद्रा आर्जन हुने, कम लगानीमा बढी प्रतिफल प्राप्त गर्न सकिने, नेपालमै रोजगारीको दिगो क्षेत्र वन्ने दीघकालीन सोच रहेको छ । यसै सन्दर्भमा नेपाल सरकारले सन् २०२० लाई नेपालमा २० लाख पर्यटक भित्राउने लक्ष्य सहित नेपाल भ्रमण वर्ष २०२० को अभियान घोषणा गरेको छ ।

अन्तराष्ट्रिय जगतमा नेपालको पदयात्रा तथा पर्वतारोहणमा भएका उद्धारका घटनाले नकारात्मक सन्देश गई नेपालको पर्यटन क्षेत्र कम सुरक्षित रहेको सन्देश विभिन्न माध्यमबाट जान थालेको, नेपाल आउने पर्यटकलाई वीमा गर्ने विदेशी वीमा कम्पनीहरूले नेपाल भ्रमण गर्दा लिने वीमा शुल्क बढाउदै गएको, अन्तराष्ट्रिय संचार माध्यमहरूमा यस विषयमा नकारात्मक समाचारहरू आउने गरेको सन्दर्भमा आएका गुनासा, उजुरी, समाचारहरूबाट यस मन्त्रालयको गम्भिर ध्यान आकृष्ट भई नेपालको पर्यटन क्षेत्रलाई थप सुरक्षित, भरपर्दो रहेको सन्देश अन्तराष्ट्रिय जगतमा दिन, पर्यटक र वीमा कम्पनीहरूको थप विश्वास प्राप्त गर्न, उद्धार जस्तो मानवीय कार्यको व्यापारिकरणलाई निरूत्साहित गर्न, वास्तविक र गम्भिर उद्धारहरूमा शिघ्रता ल्याई नेपालको पर्यटन क्षेत्रलाई सुरक्षित गन्तव्यको रूपमा विकास गर्दै यसको दीर्घकालिन लाभको सुनिश्चितताका लागि नेपाल सरकार मा.मन्त्रिस्तरको मिति २०७५।२।२१ को निर्णयबाट यस मन्त्रालयका सहसचिव श्री घनश्याम उपाध्याय संयोजक रहेको तथा पर्यटन विभागका महानिर्देशक श्री डण्डुराज घिमिरे आन्तरिक राजश्व विभागका उपमहानिर्देशक श्री यज्ञ प्रसाद ढुंगेल, नेपाल प्रहरीका डि.आइ.जी. श्री मनोज न्यौपाने, ने.ना.उ.प्रा.का उपनिर्देशक श्री सुभाष झा, मन्त्रालयका उपसचिव श्री प्रकाश शर्मा ढकाल सदस्य सचिव रहेको एक कार्यदल गठन गरिएको थियो ।

कार्यदलले आज मिति २०७५।०४।१४ मा माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री रविन्द्र अधिकारी समक्ष करिव ७०० पृष्ठको विस्तृत प्रतिवेदन पेश गरेको छ । कार्यदलले विगतमा भएका पर्यटक उद्धारहरूमा देखिएका विकृति नियन्त्रण गर्न अवलम्वन गर्नु पर्ने कारवाही, आउदों सिजन देखि नै यस समस्याको निराकरण गर्न गर्नुपर्ने सुधार तथा दीर्घकालिन रूपमा नेपाल सरकारले अवलम्वन गर्नु पर्ने कार्यदिशामा केन्द्रित भई पर्वतारोहण तथा पदयात्राका लागि विश्वका केहि प्रमुख मुलुकहरू फ्रान्स, स्वीजरल्याण्ड, स्कटल्याण्ड, क्यानाडामा भएको उद्धार सम्वन्धी व्यवस्था उक्त कार्यदलले अध्ययन समेत गरी प्रतिवेदन पेश गरेको छ ।



"निजामती सेवाको मान्यता, अनुशासन, इमान्दारी र नैतिकता"

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
E-mail: motca@ntc.net.np
फ्याक्स नं.: ४२११७५८
४२११८४६
४२११९८५
४२११७८५
४२११५९६
सिंहदरबार, काठमाडौं,
नेपाल ।

पत्र संख्याः-
च.नं.

नेपालको पर्यटन क्षेत्रमा उद्धार सम्वन्धी समस्या समाधानको लागि कार्यदलले दिएका प्रमुख सुझावहरू

तत्कालीन सुधारको प्रथम विकल्प

सन् २०१८ को Autumn Season (सेप्टेम्वर नोभेम्वर) देखि नै लागु हुने गरी नेपाल सरकार (मन्त्रिपरिषद्) बाट निर्णय गराई पर्यटक उद्धार सम्बन्धी सम्पूर्ण कार्य नेपाल प्रहरीबाट हुने व्यवस्था मिलाउने । यसका लागि टोलफ्रि कलको व्यवस्था गर्ने । नेपाल प्रहरीले सार्वजनिक खरिद ऐन नियमावली बमोजिम सूचना आव्हान गरी प्रतिस्पर्धाबाट हेलिकोप्टर कम्पनी एवं अस्पतालहरूबाट दररेट लिइ पर्यटकको रूचिमा अस्पताल छनौट गर्न पाउने गरी उद्धारको व्यवस्था मिलाउने । नेपाल प्रहरीले तत्काल कल्याण कोषबाट खर्च गरी यथोचित न्यूनतम सेवा शुल्कसहित विमा दावी गरी सोधभर्ना लिने व्यवस्था मिलाउने । यसका लागि आवश्यक थप विषयहरू समेत समावेश गरी सरोकारवाला समेतको सल्लाह सुझाव लिई **पर्वतारोहण तथा पदयात्रा खोज तथा उद्धार सम्वन्धी कार्यविधि, २०७५** लाई १५ दिन भित्र तर्जुमा गरी लागू गर्नुपर्ने सुझाव दिएको छ ।

तत्कालीन सुधारको द्वितीय विकल्प

सन् २०१८ को Autumn Season (सेप्टेम्वर नोभेम्वर) देखि नै लागु हुने गरी निम्न विषयहरू समेत समावेश गरी सरोकारवाला समेत सल्लाह सुझाव लिई देहायका विषय सम्वोधन हुने गरी **पर्वतारोहण तथा पदयात्रा खोज तथा उद्धार सम्वन्धी कार्यविधि, २०७५** लाई १५ दिन भित्र तर्जुमा गरी तत्काल लागू गर्नुपर्ने सुझाव दिएको छ । यसका लागि मुख्य पर्यटकीय मौसम हरेक वर्ष सेप्टेम्वर देखि नोभेम्वरसम्म ३ महिना र मार्च देखि मेसम्म ३ महिनाको लागि त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलमा "पर्यटक उद्धार समन्वय कक्ष" स्थापना गर्ने । यस कक्षका लागि एक Dedicated Toll Free Telephone को व्यवस्था गर्ने । उद्धारको पहिलो जानकारी उक्त Toll Free नम्वरमा नेपाल प्रहरीले पाउने व्यवस्था गर्ने । उक्त जानकारी पश्चात यस कक्षको समन्वय र अनुमतिमा मात्र उद्धार उडान हुने व्यवस्था गर्ने । विश्व व्यापी रूपमा पर्यटक उद्धारमा गैर नाफामूलक संस्थाहरूले कार्य गरिरहेको सन्दर्भ, उद्धार उडानमा रहेको छुट सुविधा तथा यस्तो मानवीय कार्यमा हुने सामाजिक उत्तरदायित्व समेतको विचार गरी नेपाल नागरिक उड्डयन प्राधिकरण र यस मन्त्रालयको नागरिक उडडयन महाशाखाले सरोकारवालासंग छलफल गरी उडान समय, दुरी, उचाई समेतको आधारमा तत्काल उद्धारका लागि हेलिकप्टर भाडाको अधिकतम सीमा तोक्ने । प्रत्येक सिजन समाप्त भएको १५ दिन भित्र सवै हेलिकप्टर कम्पनीले नागरिक उड्डयन प्राधिकरणमा उद्धार उडानको

E-mail: motca@ntc.net.np
फ्याक्स नं.: ४२११७५८
४२११८४६
४२११६८५
४२११७८५
४२११५९६
सिंहदरबार, काठमाडौं,
नेपाल ।

पत्र संख्याः-
च.नं.

विवरण उपलब्ध गराउने । यस उद्धारका लागि नेपाल पर्यटन वोर्डको समन्वयमा हिमालय उद्धार संघलाई लुक्ला, फिरिचे लगायतका आवश्यक अन्य उच्च हिमाली स्थानमा परिचालन गर्ने । उद्धार भई उपचारार्थ आएका पर्यटकहरूको उपचारको विवरण सम्वन्धित अस्पतालहरूले पर्यटन विभागमा दिनु पर्ने । पर्यटक गाइडहरूको योग्यता तोक्ने, परिचयपत्रको व्यवस्था गर्ने तथा ३००० मि. भन्दा माथिको उचाईमा पदयात्रा गर्दा गाइड अनिवार्य साथमा लैजानु पर्ने व्यवस्था मिलाउने लगायत विस्तृत सुझाव दिएको छ ।

**दीर्घकालिन सुधारको लागि सुझाव**

पर्यटन वोर्ड ऐन, २०५३ मा पर्यटन वोर्डको उद्धेश्यमा नेपाललाई सुरक्षित, भरपर्दो तथा आकर्षक पर्यटक स्थलको रूपमा विकास गरी अन्तराष्ट्रिय पर्यटन समुदायमा नेपालको छविलाई उच्च एवं मर्यादित राख्ने, पर्यटन व्यवसायमा देखा परेका समस्या निराकरणका लागि उपायहरू पत्ता लगाउन कार्यमूलक अनुसन्धान गर्ने गराउने रहेको छ । साथै पर्यटन नीति, २०६५ ले नेपाललाई सुरक्षित पर्यटकीय गन्तव्यको रूपमा विकास गर्ने दीर्घकालिन दृष्टिकोण लिएको छ । साथै पदयात्रा पर्यटनलाई बढी सुरक्षित, भरपर्दो र आकर्षक वनाउने नीति लिएको छ । पर्यटकीय सुरक्षा र संकट व्यवस्थापनका लागि खोज, उद्धार कार्य गरिने र यसका लागि संकट व्यवस्थापन अक्षयकोष रहने र त्यसमा नेपाल पर्यटन वोर्डले प्रत्येक वर्ष निश्चित रकम जम्मा गर्ने व्यवस्था रहेको छ । यस व्यवस्थालाई कार्यान्वियन गर्न उच्चस्तरीय संकट व्यवस्थापन निर्देशक समितिको व्यवस्था गर्ने, उद्धार कोष खडा गरी रकम जम्मा गर्ने व्यवस्था मिलाउनुका साथै यस कोषको स्रोत सुनिश्चितताका लागि TIMS रकम संकलन गर्दा थप १० डलर उद्धार वापत संकलन गर्ने वा हालकै TIMS रकमबाट १० डलर उद्धार कोषमा जम्मा गर्ने व्यवस्था उपयुक्त हुने । तीन वर्ष भित्र यस कोषको व्यवस्था गरी उद्धार सम्वन्धी सम्पूर्ण खर्च यस कोषबाट व्यहोर्ने र पछि विमा कम्पनीबाट भुक्तानी दावी गर्ने तथा उद्धार सम्बन्धी सम्पूर्ण कार्यको समन्वय र व्यवस्थापन नेपाल प्रहरीबाट गर्ने व्यवस्था मिलाउन उपयुक्त हुने सुझाव कार्यदलले प्रस्तुत गरेको छ ।

**विगतका उद्धारमा देखिएका विसंगति उपर गर्नु पर्ने कारवाही/सिफारिस**

- पर्यटकलाई नियोजित रूपमा विरामी गराउन खानेकुरामा मिसावट समेत गरी गराई संगठित तवरले वीमा रकम दावी गर्ने गराउने कार्य गरेको वा एउटै उडानमा धेरै पर्यटक ल्याई प्रत्येक पर्यटकका आधारमा अलग अलग वील जारी गर्ने गरेको वा उद्धार उडान तथा उपचार समेत नगराई कागजातहरू तयार पारी वीमा रकम दावी गर्ने गरेको प्रमाण सहित उजुरी विवरण प्राप्त भएमा गृह मन्त्रालय तथा उक्त मन्त्रालय अन्तर्गत रहेको नेपाल प्रहरीबाट सघन रूपमा अनुसन्धान गर्ने विशिष्टिकृत एकाई रहेको हुंदा उक्त निकायबाट संगठित अपराध तथा ठगीको

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
E-mail: motca@ntc.net.np
फ्याक्स नं.: ४२११७५८
४२११८४६
४२११६८५
४२११७८५
४२११५९६
सिंहदरबार, काठमाडौं,
नेपाल ।

पत्र संख्याः-
च.नं.

कसूरमा अनुसन्धान गरी आवश्यक कारवाही अघि बढाउन गृह मन्त्रालयमा अनुरोध गर्ने सुझाव कार्यदलले दिएको छ ।

- विदेशी मुद्राको कारोवार गर्ने अनुमति नलिएको तर पर्यटक वापत विदेशी मुद्रा (अमेरिकी डलर) मा उद्धार भाडा वापत भुक्तानी दावी गरेको विवरण पेश गरेका ५ वटा कम्पनीहरूलाई नेपाल राष्ट्र बैंकबाट विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ बमोजिम आवश्यक छानवीन गरी उचित कारवाही अगाडी बढाउनु सिफारिश गरेको छ ।
- छानविनको कममा प्राप्त विवरण, उजुरी तथा उजुरी साथ प्राप्त भएका केहि विजकहरू समेतको अध्ययन गरी अत्यधिक महगों शुल्क लिई उपचार वापत विमा दावी गरेका ६ वटा अस्पतालहरूलाई स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट छानविन तथा अनुगमन गरी कारवाही गर्न सिफारिश गरेको छ ।
- उजुरी तथा सूचनाको आधारमा कार्यदलले १० हेलिकप्टर कम्पनी, ६ वटा अस्पताल, ३६ वटा Travel/Trekking/Rescue कम्पनीबाट प्राप्त विवरणहरूको अध्ययन गरी उद्धार जस्तो मानवीय कार्यमा वेमनासिव ढंगले अत्यधिक नाफा आर्जनको लागि उच्च मूल्यमा उद्धार गरी विमा दावी गर्ने ८ वटा Travel/Trekking, Rescue कम्पनी, ४ वटा अस्पताल तथा ३ वटा हेलिकप्टर कम्पनीहरूको कारोवार समेतको छानविन गरी राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ अनुसार अनुसन्धान गरी उचित कारवाही अघि बढाउन राजस्व अनुसन्धान विभागमा लेखि पठाउन उपयुक्त हुने सुझाव दिएको छ ।
- नेपालमा रहेका हेलिकप्टर कम्पनीहरूले चार्टर उडान वा अन्य नियमित प्रकृतिको उडान गरेकोमा उद्धार उडान भएको भनि छुट सुविधाहरू लिएको नलिएको, प्रचलित मापदण्ड अनुसार भाडा रकम भन्दा बढी रकम लिए नलिएको सम्वन्धमा नेपाल नागरिक उड्डयन प्राधिकरणबाट थप छानविन गरी उचित कारवाही गर्नु पर्ने सुझाव प्राप्त भएको छ ।

उक्त कार्यदलको प्रतिवेदन बुझेपछि माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रीज्यूबाट कार्यदलका सबै सदस्यलाई धन्यवाद दिनुभयो । साथै, यस प्रतिवेदनको प्रभावकारी कार्यान्वयनको तत्काल व्यवस्था मिलाउन यस मन्त्रालयका सचिवलाई निर्देशन दिनुभयो । उहांले यस अवसरमा नेपालको पर्यटन क्षेत्रमा रहेका उद्धार सम्बन्धमा देखिने गरेका समस्या निराकरण गर्न नेपाल सरकारलाई प्रतिबद्ध रहेको जानकारी गराउनुभयो ।

२०७५।४।१४

प्रकाश शर्मा ढकाल
सहायक प्रवक्ता



"निजामती सेवाको मान्यता, अनुशासन, इमान्दारी र नैतिकता"